# ऐसेलुखर्क गाउँपालिकाको कार्यालय

## कृषि सेवा शाखा

मितिः २२/११/२०७६

**सूचना !!!**

आ.व. २०७६/७७ मा यस पलिकाद्वारा उपलब्ध गराईने साना सिंचाई निर्माण तथा मर्मत सम्भार ५ कृषक समुह/ कृषि सहकारी संस्था मार्फत संचालन गर्नु पर्ने भएकाले यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा यस कर्यालय तथा कृषि सेवा शाखा ऐसेलुखर्कमा तपसिल बमोजिमको आवश्यक विवरण र कागजात सहित निवेदन दिनहुन सम्बन्धित सबैमा सुचित गरिन्छ ।

**आवश्यक कागजातहरु**

१) योजना माग गर्ने कृषक समूह, कृषि सहकारी संस्थाको योजना माग सम्बन्धि निर्णयको प्रतिलिपि ।

२) योजना माग गर्ने संस्थाको संस्था दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि ।

३) सम्बन्धित वडाको सिफारिस ।

४) यदि अर्काको श्रोतबाट सिंचाई हुने भए निजको मन्जुरीनामा पत्र ।

५) सिंचाई सुविधा पुग्ने क्षेत्रफल, साना सिंचाई मर्मत सम्भार सिंचाई आयोजनाको लागि १५० रोपनी जग्गाको क्षेत्रफल निवेदनमा उल्लेखित हुन पर्नेछ ।

६) तोकिएको ढांचामा उल्लेखित सम्पूर्ण विवरण भरेको निवेदन फाराम ।

७) सम्पूर्ण कागजातहरु एउटा सादा फ़ाईलमा राखी वाहिरी भागमा आफ्नो पुरा विवरण लेखि गाउँकार्यपालिकामा दर्ता गराई सम्बन्धित कृषि सेवा शाखामा पेश गर्नु पर्नेछ ।

नोट :

- दलित, महिला, जनजाति एबं सामाजिक, आर्थिक, भौगोलिक रुपमा पिछडिएका तथा विपन्न बर्गका समुहलाई बिशेष प्राथमिकतामा राखिने छ ।
- स्वीकृत आयोजनाहरुको इस्टिमेट रकमको कम्तिमा १५ प्रतिशत नगद वा श्रमदान रकम स्वयं योजनावालाले अनिवार्य व्यहोर्नु पर्ने छ ।
- प्राथमिकता तथा लाभान्वित कृषक संख्याको आधारमा गाउँपालिकाले स्वीकृत गरेको योजनामात्र संचालन हुनेछन ।
- स्वीकृत योजनाको नियमानुसार ४ प्रतिशत कन्टेन्जेन्सी कटाई बाँकी रकम कार्यसम्पन्न भए पछी एकमुष्ट रुपमा सम्बन्धित योजनाको खातामा जम्मा गरिने भएकोले बैंक खाता अनिवार्य हुनु पर्ने ।
- स्वीकृत योजनावाला तोकिएको मितिभित्र सम्झौता गर्न नआएमा उक्त योजना बैकल्पिक योजनालाई दिन सकिने छ ।
- योजना छनौट भई सम्झौता गरेर कार्य संचालन प्रकृया इष्टिमेट अनुसार पुरा गरि स्थलगत अनुगमन प्रतिवेदनको आधारमा सम्झौता बमोजिमको रकम एकमुष्ट कृषक समूह सहकारीको खातामा जम्मा गरिने छ ।

**थप जानकारीको लागि (कृषि शाखा ९८१५७८७८५०, ९८६३७१४३३७ )**

**तथा सम्बन्धित वडा कार्यालयका कृषि प्राविधिक**

प्रसाद आचार्य
प्रशासकीय अधिकृत